श्री महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षिय रणनितीक योजना अन्तर्गत जिल्ला सरकारी वकील कार्यालय, बागलुङको आ.व. २०७८/०७९ को बार्षिक योजनाको क्रियाकलाप ५.१.१.४ अन्तर्गत कसुरको अनुसन्धानको सम्बन्धमा अनुसन्धान अधिकारीहरू र सरकारी वकीलवीच आज मितिः २०७८।०७।११ गतेका दिन तपसिलमा उल्लेखित उपस्थितीमा निम्न बमोजिमका निर्णय गरियो ।

**उपस्थितीः-**

१. जिल्ला न्यायाधिवक्ता श्री लालप्रसाद लामिछाने, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।
२. प्रहरी उपरीक्षक श्री कृष्णबहादुर पल्ली मगर, श्री जिल्ला प्रहरी कार्यालय, बागलुङ ।
३. सहायक जिल्ला न्यायाधिवक्ता श्री जीवनाथ सुवेदी, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।
४. प्रहरी निरीक्षक श्री विजय भण्डारी, श्री जिल्ला प्रहरी कार्यालय, बागलुङ ।
५. प्रशासकीय अधिकृत श्री मोहनप्रसाद उपाध्याय, श्री जिल्ला प्रशासन कार्यालय, बागलुङ ।
६. सहायक वन अधिकृत श्री मदन कँडेल, श्री डिभिजन वन कार्यालय, बागलुङ ।
७. नायब सुब्बा श्री अर्जुन शर्मा, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।
८. नायब सुब्बा श्री प्रताप रेग्मी, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।
९. नायब सुब्बा श्री सोम बहादुर रामजाली मगर, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।
१०. सहायक कम्प्युटर अपरेटर श्री गणेश शर्मा, श्री जिल्ला सरकारी वकील कार्यालय, बागलुङ ।
११. प्रहरी सहायक निरीक्षक श्री अर्जुन शर्मा, श्री जिल्ला प्रहरी कार्यालय, बागलुङ ।
१२. प्रहरी हवल्दार श्री हुमलाल भुषाल, श्री जिल्ला प्रहरी कार्यालय, बागलुङ ।

**निर्णयहरूः-**

१. मितिः २०७८।०५।०८ गते गरिएका निर्णयहरूको कार्यान्वयनको अवस्थाबारे छलफल तथा समिक्षा गरी थप सुधार गर्दै लैजाने निर्णय गरियो ।
२. फौजदारी कानून लगायत नविन कानूनहरूको आधारभूत विषयहरूमा सचेतना कार्यक्रम गर्दा जिल्ला सरकारी वकील कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट थप संयुक्त रुपमा कार्यक्रम संचालन गर्ने कार्यलाई थप प्रभावकारी रुपमा संचालन गर्ने निर्णय गरियो ।
३. मितिः २०७८।०५।०८ गते पश्चात हालसम्म अनुसन्धान भई दायर भएका मुद्दाहरूबारे छलफल तथा समिक्षा गरी देखा परेका समस्याहरूलाई आगामी दिनहरूमा समेत समन्वयलाई अझ प्रभावकारी बनाउँदै वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित अनुसन्धान गर्ने विषयमा सहमती जाहेर गरियो ।
४. घटनास्थल मुचुल्का/ बरामदी मुचुल्का/ वस्तुस्थिती मुचुल्का तयारी गर्दा निर्दिष्ट ढाँचामा तयार गर्ने । जनप्रतिनिधीलाई अनिवार्य रुपमा रोहवरमा राख्नुपर्ने । महिला तथा बालबालिका भएका मुद्दामा अनिवार्य रुपमा उमेर खुल्ने कागजात मिसिल संलग्न गर्नुपर्ने लगायतका विषयमा सुधार गर्ने निर्णय गरियो ।